सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३,संख्याः३ असार १७ गते ,२०७६ साल

## सरुमारानी गाँउपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७६

सरुमारानी गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा गाउँपालिका प्रहरी राख्न आवश्यक भएको हुनाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २क. (१) ले दिएको अधिकार प्रयोग गरी सरुमारानी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम सरुमारानी गाँउपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि ,२०७६ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाँउपालिका नगर प्रहरी" भन्नाले स्थानीय सरकार ऐन, २०७४ को दफा ११ को उपदफा २क. (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यक्षेत्र" भन्नाले यस गाँउपालिकाले ओगटेको भूभाग वा गाँउपालिकाको भित्री ठाउँ विशेषलाई वा वडाले ओगटेको भूभागलाई सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले गाँउपालिका कार्यालय र वार्ड कार्यालय दुवैलाई सम्झनु पर्छ।

(ङ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "पदपूर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(छ) "कर्मचारी" भन्नाले गाँउपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत निजामती सेवा नियमावली अन्तर्गत नियुक्त भएका कर्मचारी सम्झनु पर्छ ।

(ज) "वरिष्ठ समेत" भन्नाले वरिष्ठ गाउँपालिका नगर प्रहरी भनि सम्झनु पर्छ ।

(झ) "करार" भन्नाले अनुसूची १ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष विच समय,पारिश्रमिक एवं आवश्यकता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ ।

(ञ) "अख्तियारवाला" भन्नाले प्रचलित कानून वमोजिम कुनै पदमा नियुक्त गर्न सक्ने अधिकारी सम्झनुपर्छ ।

## परिच्छेद २

## गाउँपालिका नगर प्रहरीको श्रेणी, पद र कार्यालय सम्वन्धी व्यवस्था

३. श्रेणी र पदः

(क) गाउँपालिका नगर प्रहरी श्रेणी विहिन सरह हुनेछ ।

(ख) गाउँपालिका नगर प्रहरीको श्रेणी र पद देहाय अनुसार हनेछ ।

(१) वरिष्ठ गाउँपालिका नगर प्रहरी – श्रेणी विहिन

(२) गाउँपालिका नगर प्रहरी –श्रेणी विहिन

४. पदसंख्या निर्धारणः

(क) गाउँपालिका नगर प्रहरीको पद संख्या देहाय बमोजिम निर्धारण हुनेछ ।

(१) गाउँपालिकाका प्रत्येक वडाहरुमा कम्तीमा १ जना गाउँपालिका नगर प्रहरी र गाउँकार्यपालिकाको कार्यालयमा कम्तीमा १ जना गाउँपालिका नगर प्रहरी (१ जना वरिष्ठ गाउँपालिका प्रहरी समेत) को अनिवार्य रुपमा व्यवस्था हुने गरी गाउँपालिका नगर प्रहरीको पदसंख्या निश्चित गर्नुपर्नेछ ।

(२) गाउँपालिकाका वडाहरुमा गाउँपालिका नगर प्रहरीको संख्या निर्धारण गर्दा वडाको जनसंख्यालाई आधार बनाई प्रत्येक पाँच हजार जनसंख्याको लागि १ जना गाउँपालिका नगर प्रहरी खटिने गरी सोही अनुसार पदसंख्या निर्धारण हुन सक्नेछ ।

(ख) नियम ४ को उपनियम १ र २ अनुसार पदसंख्या निर्धारण गर्ने कार्य गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा गाउँ कार्यपालिकाले गर्नेछ ।

५. कार्यालय सम्बन्धी व्यवस्थाः

(क) गाउँपालिका नगर प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय वा गाउँपालिका अन्तर्गतका वार्ड कार्यालय वा वार्ड कार्यालयले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

(ख) वरिष्ठ गाउँपालिका नगर प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

## परिच्छेद ३
## पदपूर्ति सम्बन्धी व्यवस्था

६. गाउँपालिका नगर प्रहरी सेवाको पदपूर्तिः

(क) वरिष्ठ गाउँपालिका नगर प्रहरीको पदपूर्ति नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सुरक्षा निकायका अनुसूची २ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ख) गाउँपालिका नगर प्रहरीको पदपूर्ति अनुसूची २ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ग) गाउँपालिका नगर प्रहरीको पदपुर्ति गर्दा समावेशी तरिकाले हुने गरी भर्ना गर्नु पर्छ ।

(घ) गाउँपालिका नगर प्रहरीको पदपुर्ति गर्दा नियम ४ बमोजिम चाहिने पदसंख्या अनुसार नेपालको सविंधान, २०७२ एवं प्रचलित ऐन कानूनमा विद्यमान रहेको समावेशिताको व्यवस्था अनुसार भर्ना गर्नु पर्छ ।

७. पदपूर्ति समितिको गठनः

(क) गाउँपालिका नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन हुनेछः–

(१) प्रमुख प्रशासकीय अधिृकत– अध्यक्ष

(२) जिल्ला प्रशासन कार्यालयको अधिकृत – सदस्य

(३) गाउँ कार्यपालिका कार्यालयका प्रशासन शाखा प्रमुख – सदस्य

(४) अवकाश प्राप्त वा कार्यरत अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी – विज्ञ सदस्य

(५) गाउँ कार्यपालिका कार्यालयका योजना शाखा प्रमुख – सदस्य

(६) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सहायक पाँचौ/चौथो तहको कर्मचारी– सदस्य सचिव

(ख) उपनियम क वमोजिम गठन भएको पदपूर्ति समितिले खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नको लागि आफु मध्येबाट कार्यपालिका सदस्यको संयोजकत्वमा सुरक्षा विज्ञ सहितको ३ सदस्यीय उपसमिति गठन गरी आफुमा रहेको अधिकार सुम्पन सक्नेछ ।

(ग) नियम ७ को उपनियम क बमोजिम गठन भएको पदपूर्ति समिति मा विज्ञ सदस्यको रुपमा राखिएका अवकाश प्राप्त अधिकृत स्तरको नगर प्रहरी वा सुरक्षाकर्मी आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

८. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः

(क) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ ।

(१) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) को पाठयक्रम निर्धारण गर्ने,

(२) पदपूर्ति कार्यतालिका बनाउने,

(३) परीक्षाको किसिम तोक्ने,

(४) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(५) परीक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र

(६) नियुक्तिको लागि सिफारिश गर्ने ।

(ख) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ ।

९. न्यूनतम योग्यताः

गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) पदमा खुल्ला प्रतियोगिताद्धारा पुर्तिको लागि चाहिने न्यूनतम योग्यता अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. विज्ञापन प्रकाशनः

(क) पदपूर्ति समितिले पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्दा कार्यालयको वेभसाईट र सूचनापाँटीमा कम्तिमा २१ दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको विषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(१) पदको नाम,

(२) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने ),

(३) दरखास्त दिने म्याद र स्थान,

(४) दरखास्त दस्तुर,

(५) आवश्यक न्यूनतम शैक्षिक योग्यता,

(६) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

(७) सम्पर्क मिति र स्थान,

(८) परीक्षाको तरिका र

(९) अन्य शर्तहरु

(ख) पदपुर्ति समितिले नियम १० को उपनियम क बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र विषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठक निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

११. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचाः

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसूची ३ र अनुसूची ४ मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसँग तोकिएको शुल्क लिई प्रवेश पत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

१२. परीक्षा संचालनः

(क) पदपूर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरी परीक्षा संचालन हुनेछ ।

(ख) उपनियम (क) बमोजिम परिक्षा संचालन गर्दा हरेक परीक्षाको नतिजा प्रकाशन भए पश्चात्त क्रमवद्ध ढंगले परिक्षा संचालन हुनेछ ।

१३. नतिजा प्रकाशनः

(क) उम्मेदवारले प्रथम परीक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परीक्षामा सामेल हुन पाउनेछन् ।

(ख) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परीक्षा अघिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(ग) पदपूर्ति समितिले अन्तिम प्रकारको परीक्षा संचालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उतिर्ण बाहेक एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(घ) पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

१४. नियुक्ति गर्ने अधिकारीः

(क) पदपूर्ति समितिले अख्तियारवाला समक्ष सिफारिश भई सो को अनुमोदन भए पश्चात्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(ख) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्ति दिनुपर्ने छ ।

१५. परीक्षण कालः

(क) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) पदमा नियुक्ति पाएको नगर प्रहरीलाई १ महिनासम्म परीक्षण कालमा राखिनेछ ।

(ख) उपनियम (क) अनुसार परीक्षण काल सन्तोषजनक भएको खण्डमा निजको नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

१६. नियुक्ति वदर हुन सक्ने अवस्थाः

(क) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) को नियुक्ति वदर गर्न सक्नेछ ।

(१) परीक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा अनुसूची ५ मा तोकिए बमोजिम आचरण, वा

(२) नियम १५ (ख) बमोजिम नियुक्ती सदर भई कार्य सम्पादन गरिरहेको गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत)को अनुसूची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।

(ख) नियम १६ मा जे उल्लेख भए पनि गाउँपालिका नगर प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः वदर हुनेछ ।

परिच्छेद ४

गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकार

१७. गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

(क) गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी–पौवा ,मठ मन्दिर, पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी सम्बन्धीत वडा कार्यालय मार्फत गाउँपालिका प्रशासनलाई गराउने ।

(२) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कार्वाही चलाउने ।

(३) कर छली ल्याएको, ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेटीएमा आवश्यक कार्वाहीको लागि सम्बन्धीत वडा कार्यालयलाई जानकारी गराउने ।

(४) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

(५) छाडा चौपायाहरुलाई व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(६) सार्वजनिक आवागमनमा वाधा पुराउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने ।

(७) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धीत वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(८) गाउँपालिका ऐन, नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(९) गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुराउने ।

(१०) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(११) विना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(१२) व्यवसाय दर्ता नगरी व्यवसाय गर्ने घुमन्ते व्यापारीहरुको निरीक्षण गर्ने ।

(१३) गाउँपालिका कार्यालयको अनुमति विना विज्ञापन, व्यानर, होडिङ बोर्ड, माईकिङको निरीक्षण गर्ने ।

(१४) दैवि प्रकोप तथा आकस्मिक दुर्घटना भएको स्थानमा उद्दारमा खटिने ।

(१५) न्यायिक समितिको कार्यसम्पादन गर्दा पत्राचार गरी बोलाउँदा अनुपस्थित हुने प्रतिवादीलाई न्यायिक समितिको प्रमुखको आदेशानुसार उपस्थित गराउने ।

(१६) गाउँपालिका र वडा कार्यालयवाट प्रकाशित सूचना टोल विकास संस्थालाई जानकारी गराउने ।

(१७) टोल विकास संस्थाका अध्यक्षसँग समन्वय गरी सूचना आदानप्रदान गर्ने ।

(१८) गाउँपालिका अन्तरगतका वनक्षेत्र, नदीजन्य पदार्थको निकासीको निरीक्षण गर्ने, नियमानुसार नभएको भए गाउँपालिका र वडा कार्यालयलाई जानकारी गराउने ।

(१९) गाउँ कार्यपालिकाद्धारा आयोजना हुने गाउँसभामा मर्यादापालकको रुपमा काम गर्ने, कार्यालयद्धारा आयोजना हुने विभिन्न सभा, सम्मेलन, कार्यक्रम, खेलकुद प्रतियोगिता आदी कार्यक्रममा सुरक्षार्थ खटिने ।

(२०) गाउँपालिका क्षेत्र भित्र दिवाकालिन धार्मिक मेला, महोत्सवहरुमा सुरक्षार्थ खटिने।

(२१) निरीक्षण, सुरक्षा आदी कार्यमा खट्दा स्थानीय प्रहरी चौकीसँग समन्वय गर्ने ।

(२२) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(ख) वरिष्ठ गाउँपालिका नगर प्रहरीले नियम १७ को उपनियम क बमोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका गाउँपालिका नगर प्रहरीहरुको कार्यमा समन्वय ल्याउनुका साथै निरीक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विदा एवं पारिश्रमिक सम्वन्धि व्यवस्था

१८. विदा सम्बन्धि व्यवस्थाः

(क) गाउँपालिका नगर प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा उपभोग गर्न पाउनेछन् ।

(१) गाउँपालिका नगर प्रहरीले वर्षभरीमा जम्मा १२ दिन घर विदा पाउनेछन्।

(२) गाउँपालिका नगर प्रहरीले वर्षभरीमा जम्मा ६ दिन बिरामी विदा पाउनेछन्।

(३) गाउँपालिका नगर प्रहरीले वर्षभरीमा जम्मा ६ दिन भैपरी विदा पाउनेछन्।

(४) पुरुष गाउँपालिका नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन् ।

(५) महिला गाउँपालिका नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा पाउनेछन् ।

(६) गाउँपालिका नगर प्रहरीले आफ्नो कुल धर्म अनसार आफै क्रिया बस्नु परेमा वा निजको परिवारमा काज क्रिया गर्नको लागि सहोदर नाता सम्वन्धि व्यक्ति क्रिया बसेमा काज क्रियामा सघाउन र महिला गाउँपालिका नगर प्रहरीको हकमा निजको पति क्रिया बस्नु परेमा जम्मा १५ दिन क्रिया विदा पाउनेछन् ।

(ख) उपनियम (क) मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

(ग) उपनियम (क) मा उल्लेख भए अनुसारका विदाहरु अर्को बर्षको लागि सचित गर्न पाइने छैन् ।

१९. पारिश्रमिक सम्बन्धी व्यवस्थाः

(क) गाउँपालिका नगर प्रहरीहरुको तलव/पारिश्रमिक देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिका नगर प्रहरीहरुको मासिक तलव/पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक भन्दा कम नहुने गरी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) वरिष्ठ गाउँपालिका नगर प्रहरीको मासिक तलव वा पारिश्रमिक उपनियम क को १ वमोजिम तोकिएको पारिश्रमिक भन्दा थप सुविधा पाउने गरी गाउँकार्यपालिकाले तोके वमोजिम हनेछ ।

(ख) गाउँपालिका नगर प्रहरीहरुले कुनै पनि विदा बचाए बापत थप पारिश्रमिक सुविधा पाउने छैनन्।

(ग) गाउँपालिका नगर प्रहरीले १ बर्ष कार्य गरे पश्चात अर्के बर्ष कार्य गर्दा खाइपाई आएको मासिक पारिश्रमिकको शत प्रतिशतले हुन आउने रकम चाडपर्व खर्च बापत आर्थिक सुविधाको व्यवस्था हुनेछ ।

(घ) गाउँपालिका नगर प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा गाउँपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ।

## परिच्छेद ६

## अनुगमन, कार्य सम्पादन मूल्याङकन एवं नियन्त्रण

२०. अनुगमनः

(क) गाउँपालिका तथा यसले ओगटेको भूभाग भित्र खटिएका गाउँपालिका नगर प्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ ।

(१) गाउँपालिका नगर प्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र गाउँ कार्यपालिकाको हकमा तहाँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछन् ।

(२) गाउँपालिका प्रशासनबाट समेत नियमित अनुगमन कार्य गर्नु पर्दछ ।

(३) गाउँपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका गाउँपालिका नगर प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) गाउँपालिका कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिका नगर प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको गाउँपालिका प्रशासनवाट तथा तोकिएको कर्मचारीबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाँच हुनु पर्दछ ।

२१. कार्य सम्पादन मूल्यांङ्कन एवं नियन्त्रणः

(क) नियम २० उपनियम (क) को ३ र ४ वमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकको अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि गाउँपालिका नगर प्रहरीको कार्य सम्पादन मूल्याकंन कार्य हुनेछ ।

(ख) नियम २१ को (क) अनुसार कार्य सम्पादन मूल्याकंन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई गाँउकार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(ग) नियम २१ को उपनियम क र ख अनुसार गाउँपालिका नगर प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा गाउँपालिका कार्यालयले गाउँकार्यपालिकाको बैठकमा सिफारिश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाको बैठकबाट सिफारिश अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका प्रहरीको सेवा अवधि थप गर्नेछन् ।

(ङ) गाउँपालिका नगर प्रहरीले आफु जुन वडा वा स्थानमा गाउँपालिकाद्धारा खटाइएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नु पर्नेछ ।

(च) गाउँपालिका नगर प्रहरीको कार्य सम्पादन स्तरलाई उच्छृखल हुन नदिन तोकिएको कार्यक्षेत्रका वडा कार्यालय र गाउँपालिका कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ ।

परिच्छेद ७

विविध

२२. पोशाकः

(क) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) को पोशाक गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) उपनियम (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन् ।

(ग) गाउँपालिकाको कार्यालयले पोशाक खर्च बापत गाउँपालिकाले गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) लाई रकम उप्लब्ध गराउन सक्नेछ ।

२३. जिन्सी सामाग्री सम्बन्धमाः

(क) गाउँपालिकाको कार्यालयले नियम २२ को उपनियम (क) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) लाई उपलब्ध गराउनेछ ।

(ख) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अद्यावद्यीक गरी राख्नु पर्नेछ ।

२४. विदा सम्बन्धि थप व्यवस्थाः

(क) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) ले परीक्षण काल भरी परिच्छेद ५ को नियम १८ अनुसार पाउने विदा मध्ये घर विदा र बिरामी विदा पाउने छैन।

(ख) परीक्षण काल समाप्त भए पश्चात उपनियम (क) अनुसार नपाइने विदा समेतलाई जोडी नियम १८ अनुसार नै विदाको सुविधा प्राप्त हुनेछ ।

२५. उपदान सम्बन्धमाः

(क) गाउँ कार्यपालिकाले गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) ले लगातार ५ बर्ष सेवा गरे पश्चात उपदान स्वरुप कार्यपालीकाले तोके बमोजिम आर्थिक सुविधा दिन सक्नेछ ।

(ख) उपनियम (क) अनुसार गाउँकार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्नेछ।

२६. राजिनामा सम्बन्धमाः

(क) गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) ले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा गाउँपालिकाको कार्यालयमा आफुले कार्य छोडनु १ महिना अघि नै राजिनामा दिनु पर्नेछ ।

(ख) यदि नियम २६ को उपनियम (क) अनुसार राजिनामा नदिएमा सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी पाउने छैन ।

(ग) माथि उपनियम (क) र (ख) मा जे लेखेको भएपनि यदि गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) ले असाध्य रोगव्याधिले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा वा निजको मृत्यु भएको खण्डमा निजले पाउनुपर्ने बाँकी पारिश्रमिक गाउँपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

२७. बिमा सम्बन्धमाः

गाउँ कार्यपालिकाले गाउँपालिका नगर प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बिमाको व्यवस्था गर्न सक्नेछ ।

२८. ऐन नियमको पालनाः

गाउँपालिकाको कार्यालयले यस कार्यविधि अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसँग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्वाही गर्दा नेपालको संविधान साथै देशमा विद्यमान रहेका ऐन नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्वाही गर्नेछ ।

२९. ज्यालादारी व्यवस्थाः

(क) गाउँपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत गाउँपालिका नगर प्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) नियम २९ को उपनियम क अनुसार प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्ने कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

(ग) नियम २९ को उपनियम (क) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँपालिका प्रशासन वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(घ) ज्यालादारीमा खटिएका गाउँपालिका नगर प्रहरीको पारिश्रमिक नेपाल सरकारले अदक्ष कामदारको लागि तोकेको न्युनतम दैनिक ज्याला दर भन्दा कम नहुने गरी दिइनेछ ।

३०. प्रशासनिक व्यवस्थापनः

यस कार्यविधि अनुसार नियुक्त गरिएका सम्पुर्ण गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) हरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

३१. अख्तियारी सम्बन्धमाः

यो सरुमारानी गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७६ मा व्यवस्था गरिएका नियम, उपनियमहरु संशोधन एवं थपघट गर्ने सम्पुर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

अनुसूची – १

करार सम्झौताको नमुना फाराम

(नियम २ को उपनियम झ संग सम्बन्धित)

करार सेवा सम्भौता पत्र

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय र जिल्ला प्यूठान, सरुमारानी गाउँपालिका, वडा नं. ..... बस्ने श्री ................................ विच भएको सेवा करार लिने दिने सम्बन्धीको करार पत्र ।

सरुमारानी गाउँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला प्यूठान सरुमारानी गाउँपालिका, वडा नं. ..... बस्ने .................................. को छोरा/छोरी बर्ष ....... को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बिच सरुमारानी गाउँपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि गाउँपालिका पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको

अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उप्लब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करारनामाको अवधि मिति २०७६। । गतेवाट २०७६। । गतेसम्म जम्मा ६ महिनाको हुनेछ ।

२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ...................... (अक्षेरुपी..........................................)प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसँग रहेको जिन्सी सामान र तिर्नु पर्ने बांकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोश्रो पक्षले गैर जिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु सरुमारानी गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि ,२०७६ मा व्यवस्था भए वमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष सँगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ ।

१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फवाट | पहिलो पक्षको तर्फवाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| सरुमारानी गा.पा. वडा नं. . | दर्जाः प्रमुख प्रशासकीय अधिकृत |

इति सम्वत् २०७६ साल .......... महिना ........ गते ................ रोज ........ शुभम्।

अनुसूची – २

गाउँपालिका नगर प्रहरीको लागि चाहिने न्यूनतम योग्यता

(नियम ६ र ९ संग सम्बन्धित)

(क) गाउँपालिका नगर प्रहरीको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ ।

१) सरुमारानी गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्ने ।

२) नेपाली नागरिकता भएको ।

३) १८ बर्ष पूरा भई ३० बर्ष ननाघेको । (महिलाको हकमा ३५ बर्ष ननाघेको)

४) कम्तीमा ८ कक्षा उतिर्ण भएको ।

५) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के. जी. हुनुपर्ने ।
(महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

६) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने।

७) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

(ख) वरिष्ठ गाउँपालिका प्रहरीको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ ।

१) सरुमारानी गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्ने ।

२) नेपाली नागरिकता भएको ।

३) २५ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।(महिलाको हकमा ४५ बर्ष ननाघेको)

४) कम्तीमा एस.एल.सी. वा सो सरह परिक्षा उतिर्ण भएको ।

५) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

७) प्रहरी वा सुरक्षा सेवामा घटिमा ३ बर्षको अनुभव भएको ।

अनुसूची – ३

सरुमारानी गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

बडडाँडा, प्यूठान

५ नं. प्रदेश, नेपाल

दरखास्त फारामको नमुना

(नियम ११ को उपनियम क सँग सम्बन्धित)

| |
|---|
| पासपोर्ट साईजको फोटो |

नियुक्त हुन चाहेको पदः

विज्ञापन नम्वरः

आवेदन पेश गरेको कार्यालयः

व्यक्तिगत विवरणः

नाम थरः

जन्म मितिः

स्थायी ठेगानाः

बाबुको नामः

हजुर बाबाको नामः

आमाको नामः

पेशाः

विवाहित वा अविवाहितः

शैक्षिक योग्यताः.................. उतिर्ण

नागरिकता नम्वरः नागरिकता जारी भएको मिति/जिल्लाः

संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरुः

१.

२.

३.

| औठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरु सही साँचो हुन । फरक परे कानुन बमोजिम सहुँला बुझुँला ।

मितिः

निवेदकको हस्ताक्षरः

अनुसूची –४

प्रवेश पत्रको नमुना

(नियम ११ को उपनियम क संग सम्बन्धित)

परीक्षा प्रवेश पत्र

नियुक्त हुन चाहेको पदः

विज्ञापन नम्वरः

विज्ञापन मितिः

दर्ता नम्बरः

नाम थरः

श्रेणी/तहः

उम्मेदवारको दस्तखत नमुनाः

पासपोर्ट साईजको फोटो

सम्वन्धित कार्यालयले भर्नेः

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ ।

मिति.........................                                   .............................

अधिकृतको दस्तखत

..............................................................................................................................

परीक्षा प्रवेश पत्र

नियुक्त हुन चाहेको पदः

विज्ञापन नम्वरः

विज्ञापन मितिः

दर्ता नम्बरः

नाम थरः

श्रेणी/तहः

उम्मेदवारको दस्तखत नमुनाः

पासपोर्ट साईजको फोटो

सम्वन्धित कार्यालयले भर्नेः

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ ।

मिति.........................                                   .............................

अधिकृतको दस्तखत

अनुसूची – ५

गाउँपालिका नगर प्रहरीमा हुनुपर्ने आचरण

(नियम १६ को उपनियम (क) संग सम्बन्धित)

गाउँपालिका नगर प्रहरीमा हुनुपर्ने आचरण देहाय अनसार रहेका छन ।

१. कुनै प्रकारको कुलतमा परेको नहुनु पर्ने,

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,

३. कुनै राजनैतिक पार्टीको सदस्य नहुनु पर्ने,

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध नहुनु पर्ने,

५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनु पर्ने,

६. डयुटीमा खटिएको समयमा कुनै प्रकारको मादकपदार्थ सेवन गर्न नहुने र

७. डयुटीमा खटिएको समयमा कोही व्यक्ति संग झगडा एवं रिसराग गर्न नहुने ।